नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np


पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

धुन्चे, रसुवा
मितिः- २०७६/१२/१०

## कोभिड-१९ रोकथाम तथा नियन्त्रण अभियानमा सहयोगका लागि विशेष अनुरोध

निम्न बिषयमा सबै निकाय/संस्था/ब्यक्तिले अनिबार्य पालना गरी/गराई कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्ला स्तरीय अभियानमा पूर्ण सहयोग गरीदिनुहुन हार्दिक अनुरोध छ।

१. आम रसुवा जिल्ला स्थानीयबासीहरूले आफ्नो अत्यावश्यक काम बाहेक घर बाहिर हिडडुल गर्नुहुने छैन।

२. सार्वजनिक सवारी साधन लामो दुरी (जिल्ला बाहिर) वा जिल्लाभित्र समेत सञ्चालन गर्नुहुने छैन। निजी सवारी साधन अत्यावश्यक काम बाहेक चलाउनुहुने छैन । सरकारी वा संस्थानका सवारी साधन जिल्ला प्रशासन कार्यालयको अनिवार्य पुर्व स्वीकृति लिएर मात्र चलाउनु हुनेछ।

३. जिल्ला भित्रका मेला, पर्व, पूजा, गोष्ठी, सेमिनार, भेला, भेटघाट जस्ता जनभेला हुने कुनै पनि कार्यक्रम सञ्चालन वा आयोजना गर्नुहुने छैन।

४. खानेपानी, बिद्युत, टेलिकम, बैंक, स्वास्थ्य लगायत नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरे बमोजिमका अन्य अत्यावश्यक सेवाहरू सञ्चालन गर्ने कार्यालयका सबै कर्मचारीहरू २४ सैं घण्टा उपलब्ध हुन सक्ने गरी कार्यालय छोड्नुहुने छैन।

५. सेवाप्रवाह बन्द भएका तर कार्यालय खुला रहने सरकारी तथा अर्धसरकारी कार्यालय (संघ/प्रदेश/स्थानीय तह) कार्यालय प्रमुख वा मातहतका सबै तहका कर्मचारीहरू कुनै पनि बिदा वा काजमा बस्नुहुने छैन। यहाँहरूलाई कोभिड-१९ रोकथाम तथा नियन्त्रण अभियानका क्वारेन्टिन, आईसोलेसन निर्माण, ब्यवस्थापन, हेल्थ डेस्कहरू अनुगमन, बजार अनुगमन तथा नियमन लगायत अन्य आवश्यक कामकाजमा जुनसुकै बेला पनि खटाउन सकिने भएकाले तयार भएर बसिदिनु हुनेछ। कुनै पनि बेला कार्यालयहरूको छड्के अनुगमन समेत हुन सक्नेछ।

६. जिल्लाका सबै गाँउपालिका, वडापालिकाहरू तथा कार्य जिम्मेवारी तोकिएका अन्य कार्यालयहरूले जिल्ला बिपद् ब्यवस्थापन समितिको मिति २०७६/१२/९ को कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्वन्धी भएका बिशेष निर्णयहरू प्रभावकारी रूपमा यथासमयमै सम्पादन गर्नु हुनेछ।

७. सरकारी तथा अर्ध सरकारी कार्यालयहरूले आफ्नो र मातहतका सवारी साधन तथा सम्वन्धित एम्वुलेन्स सञ्चालनकर्ताले एम्वुलेन्स साधन जुनसुकै बेला पनि प्रयोग हुन सक्ने गरी तयारी र चालु अवस्थामा राखिदिनु हुनेछ।

८. जिल्ला भित्रका दैनिक उपभोग्य सामग्री बिक्री बितरण गर्ने खाद्यान्न पसल, तरकारी पसल, पानी उद्योग/पसल, औषधी पसल, पेट्रोल पम्प, ग्याँस पसल र होटेल लजहरू बाहेक अन्य पसल/ब्यवसायहरू स्वस्फुर्त रूपमा पूर्ण बन्द गरिदिनु हुनेछ।

९. छिमेकी देश भारत वा जिल्ला बाहिर नेपालकै भू-भागबाट रसुवा आउनुहुने सबै महानुभावले बेत्रावतीमा रहेको हेल्थ डेस्कमा अनिवार्य स्वास्थ्य जाँच गरी १४ दिनसम्म स्व-क्वारेन्टिनमा बस्ने लिखित प्रतिवद्वता फर्म (Self-Quarantine Declaration Form) अनिवार्य भरी बाहिर हिडडुल नगरी घरमै बसिदिनु हुनेछ। तपाईहरूको निगरानी हुने र कुनै पनि बेला घरमै आई निरीक्षण समेत हुने भएकाले नियम पालन नगरे कानून बमोजिम कारवाही गरिनेछ ।

०७६/१२/१०
... भण्डारी
प्रमुख जिल्ला अधिकारी